स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



विपिन कार्की र वर्षा सिवाकोटीको मुख्य भूमिका रहने फिल्म हो 'काजी' । लक्ष्मण रिजालको निर्देशन रहने फिल्म अहिले प्रि-प्रोडक्सनमा छ । फिल्मको छायांकन आगामी माघदेखि सुरु हुदैछ । फिल्मको छायांकन अगाडि निर्माण युनिटले वर्ल्डवाइड प्रचार प्रसारका लागि सोसियल प्लेटफर्म पोस्टाम डटकमलाई जिम्मा दिएको छ । बिहीबार राजधानीमा एक कार्यक्रमकाबीच 'काजी'का निर्देशक लक्ष्मण रिजाल र पोस्टामका सिइयो रोनिश दाहालबीच फिल्म प्रचार प्रसार सम्झौता भएको हो ।

आजको विचार...



विदेशीको... (दुई पेजमा)

पूर्ण ओली



निर्देशक निश्चल बस्नेतले दर्शकलाई एउटा राम्रो फिल्म दिन 'दिमाग खराब' निर्माण भएको बताए । उनले फिल्मको कथा र विषयवस्तु नै राम्रो भएको दाबी गरे । आगामी २४ गतेबाट सार्वजनिक प्रदर्शनमा आउन लागेको फिल्म 'दिमाग खराब' मार्फत निश्चलले करिब ६ वर्षपछि निर्देशनमा कमब्याक गरेका हुन् । २०६९ मा प्रदर्शित हिट फिल्म 'लुट'बाट निर्देशनमा होमिएका निश्चल पहिलो फिल्मबाटै स्थापित भएका थिए । त्यसपछि उनको फिल्म 'लुट-२' अनि 'टलकजंग भर्सेस टुल्के'ले भने दर्शक रिझाउन सकेन ।

❑ वर्ष २९ ❑ अंक १०२ ❑ २०८० कार्तिक १८ गते शनिबार 4 November 2023, Saturday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### इरानमा आगलागी, २७ को मृत्यु

(रासस/एएफपी)

**तेहरान,** कार्तिक १७/उत्तरी इरानमा शुक्रबार एक लागुऔषध पुनःस्थापना केन्द्रमा भएको भीषण आगलागीमा कम्तीमा २७ जनाको मृत्यु भएको त्यहाँको न्यायपालिकाले जनाएको छ । 'लङ्गारुडमा लागुऔषध पुनःस्थापना केन्द्रमा आगो लाग्दा २७ जनाको मृत्यु भएको हो । 'घटनामा परेका १२ जनालाई अस्पताल पुर्याइएको छ,' तेहरानबाट उत्तरमा गिलान प्रान्तको लङ्गारुड सहरको न्यायपालिकाको मिजान अनलाइन समाचार वेबाइटले प्रान्तीय मुख्यन्यायाधीश इस्माइल सादेघीलाई उद्धृत गर्दै भनेको छ । आगलागीको कारण तत्काल थाहा नभए पनि सादेघीले अनुसन्धान जारी रहेको बताए । केन्द्रमा ४० जनासम्म अटाउन सक्ने मिजानले बताएको छ । स्थानीय आइएसएनए समाचार एजेन्सीले आगलागीको फुटेज सार्वजनिक गरेको छ जसमा रातिको समयमा आगोले आकाश उज्याले भएको र धुवाँको मुस्लो देखिन्छ । अन्य तस्विरमा आगो निभाएपछि व्यापक क्षति भएका स्थलहरू देखाइएको छ । अगस्टमा तेहरानको ग्र्यान्ड बजारमा आगलागी हुँदा कयौं पसल जले पनि कुनै मानवीय क्षति भएको थिएन । त्यस्तै सन् २०१७ जनवरीमा तेहरानमा १५ तलाको प्लास्को सपिङ सेन्टरमा आगलागी हुँदा १६ अग्निशमनकर्तासहित कम्तीमा २२ जनाको मृत्यु भएको थियो ।

# नेपाललाई दश वर्षपछि ऐतिहासिक सफलता

## युएईलाई हराउँदै ट्वान्टी-२० विश्वकपमा

हाम्रा संवाददाता

**पाल्पा,** कार्तिक १७/ट्वान्टी-२० विश्वकप क्रिकेटमा नेपालले दश वर्षपछि ऐतिहासिक सफलता प्राप्त गरेको छ । एसिया क्वालिफायर्स अन्तर्गत शुक्रबार मुलपानीमा भएको खेलमा नेपालले युएईलाई ८ विकेटले हराउँदै अर्को वर्ष अमेरिका र वेस्ट इन्डिजमा हुने ट्वान्टी-२० विश्वकपमा स्थान पक्का गरेको हो ।

यो जितसँगै नेपाल अर्को वर्ष वेस्ट इन्डिज र अमेरिकाले आयोजना गर्ने विश्वकपमा खेल्ने छ । यसअघि सन् २०१४ मा बंगलादेशमा भएको ट्वान्टी-२० विश्वकपमा नेपालले खेलेको थियो । टस जितेर ब्याटिङ गरेको यूएईले २० ओभरमा ९ विकेट गुमाउँदै १३४ रन बनाएको थियो । नेपालले १७.१ ओभरमा २ विकेट गुमाउँदै १३६ रन बनायो । युएईविरुद्ध नेपालका ओपनर आसिफ शेखले अर्धशतक पूरा गरे । उनले अविजित ६३ बनाउँदै नेपाललाई महत्वर्ण खेलमा विजय दिलाए हुन् । आसिफले ३९ बलमै आफ्नो चौथो अर्धशतक पूरा गरेका थिए । उनले कुल ५० बल खेली ६



चौका र २ छक्का प्रहार गरे । कप्तान रोहित पौडेलले अविजित ३५ रन बनाए । उनले २१ बल खेली ३ चौका र १ छक्का प्रहार गरे । कुशल भुर्तेल २ चौका प्रहार गरी ८ रन बनाई आउट भए । तेस्रो नम्बरमा पठाइएका गुल्शन झाले २४ बल खेली ३ चौका प्रहार गर्दै २२ रन बनाए । यूएईबाट निलान्श केस्वानी र बसिल हमिदले १-१ विकेट लिए । नेपालले यसअघि पहिलो र पछिल्लो विश्वकप २०१४ मा बंगलादेशमा खेलेको थियो । त्यस यता नेपालले विश्वकप खेल्न सकेको थिएन । ९ वर्षअघि विश्वकप खेलेको नेपाली टोलीका सोमपाल कामी अहिले पनि प्रमुख खेलाडीका रूपमा रहेका छन् । गत चैतमा भएको एकदिवसीय क्रिकेट अन्तर्गत नेपालले आइसिसी विश्वकप क्रिकेट लिग-२ को अन्तिम खेलमा युएईलाई ९ रनले पराजित गर्दै नेपाल विश्वकप छनोट चरणमा प्रवेश गरेको थियो । ४४ ओभरको खेल सकिँदा 'ब्याड लाइट'का कारण खेल रोकिएपछि डिएलएस मेथडअनुसार नेपालले युएईमाथि नौ रनले जित हात पार्दै विश्वकप छनौटको यात्रा तय गरेको थियो ।

शुक्रबार नेपालसहित ओमान पनि आगामी वर्ष अमेरिका र वेस्टइन्डिजमा आयोजना हुने आइसिसी विश्वकपमा छनोट भएको छ । ओमानले बहराइनलाई १० विकेटले हराउँदै विश्वकपमा स्थान बनाएको हो । यस खेलसँगै ओमानले पनि एसिया छनोटको फाइनल खेल्ने छन् । फाइनल आइतबार हुनेछ । नेपाल समूह 'ए'को उपविजेता र युएई समूह 'ए'को विजेता हुन् । समूह 'ए'बाट ओमान विजेता र बहराइन समूह 'बी'को उपविजेता भयो ।

## कालीगण्डकी नदीमा छोरा बचाउन हाम फाल्दा आमाको मृत्यु



**पाल्पा,** कार्तिक १७/छोरा बचाउन कालिगण्डकी नदिमा हाम फाल्दा आमाको मृत्यु भएको छ । स्याङ्जाको गल्याङ नगरपालिका-७ स्थित कालीगण्डकी नदीमा छोरा बचाउन हामफालेकी २५ वर्षीया रितु भट्टराईको मृत्यु भएको हो ।

शुक्रबार बिहान सेतीवेणी शिलाको दर्शन गर्न गएकी उनको चार वर्षीय छोरा रियान्स कालीगण्डकीमा खसेका थिए । नदिमा खसेकोमा छोरालाई बचाउनको लागि आमा रितुले नदिमा हाम फालेकी थिइन् । आमा, छोरालाई जिबितैउद्धार गरी कालीगण्डकी अस्पताल पुऱ्याइएको भए पनि उपचारका क्रममा आमा रितुको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय स्याङजाका प्रहरी निरीक्षक पावलसिंह लामाले जानकारी दिए ।

छोरा रियान्सलाई हुवास मञ्जरिया अस्पताल पर्वतमा उपचार पश्चात थप उपचारको लागि तानसेनस्थित मिसन अस्पताल रिफर गरिएको छ । उनको अवस्था पनि गम्भीर रहेको जनाइएको छ । शिला दर्शनका लागि पर्वतको विहादी गाउँपालिकाबाट उनीहरु त्यहाँ पुगेका थिए ।

## लुम्बिनीबाट सगरमाथा आधार शिविर लगियो शान्ति दीप

**लुम्बिनी,** कार्तिक १७/हिमाली क्षेत्रमा परेको जलवायु परिवर्तनको असर र विश्व शान्तिका लागि विश्वको ध्यान केन्द्रित गर्न बुद्ध जन्मस्थल लुम्बिनीबाट सगरमाथाको आधार शिविरतर्फ शान्ति दीप लगिएको छ । नेपाल पर्वतारोहण संघले विश्व शान्तिको कामनासहित जलवायु परिवर्तनको असरबारे विश्वको ध्यान केन्द्रित गर्न लुम्बिनीबाट शान्ति दीप सगरमाथाको आधार शिविर कालापत्थरतर्फ हिँडाएको हो ।

लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामा (खेन्पो छिमे) ले आज लुम्बिनीस्थित शान्ति दीपमा प्रज्वलन गरेको दीप सगरमाथाको आधार शिविरतर्फ प्रस्थान गर्न दीप हस्तान्तरण गरे । उपाध्यक्ष डा. लामाले पूजा गरेको शान्ति दीप कार्यक्रम संयोजक, विश्व कीर्तिमानी आरोही काजी शेर्पा(स्पीड), नेपाल पर्वतारोहण संघका पूर्वसचिव एवं केन्द्रीय कार्यसमिति सदस्य दिवस पोखेल र सगरमाथा आरोही संघका



महासचित शिवबहादुर सापकोटालाई संयुक्तरुपमा हस्तान्तरण गरे । उपाध्यक्ष डा.लामाले विश्व शान्ति र जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि लुम्बिनीबाट दीप प्रज्वलन गरेर सगरमाथाको आधार शिविर पुऱ्याउदा विश्वभरिनै सन्देश प्रवाह हुने बताए । उनले विश्व मानव जगतमा जलवायु परिवर्तनको असरसँगै द्वन्द्व पनि बढिरहेको अवस्थामा शान्ति भूमि लुम्बिनीबाट विश्वको सर्वोच्च शिखरमा दीप लैजाने कार्य गैरवको विषय भएको बताए । शान्ति दीपमा प्रज्वलन गरिएको उक्त दीपलाई लामा गुरुहरुबाट स्वस्ति शान्ति गरी मायादेवी मन्दिर परिक्रमा गराइएको थियो । लुम्बिनीबाट लगिने उक्त दीप कात्तिक १९ गते साँझसम्ममा काठमाडौं हुँदै सगरमाथा आधार शिविर कालापत्थर पुऱ्याइने नेपाल पर्वतारोहण संघले जनाएको छ । नेपालको राष्ट्रिय झण्डा फहराउने र बौद्धबाट ल्याइएको दीपसमेत उक्त स्थानमा प्रज्वलन गरिने छ । कात्तिक २५ दिन एक समारोहका बीच कालापत्थामा सम्पन्न हुन गइरहेको कार्यक्रमबाट विश्वको ध्यान केन्द्रित हुने संघका पूर्वसचिव एवं केन्द्रीय कार्यसमिति सदस्य दिवस पोखेलले बताए । संयुक्त राष्ट्र संघका महासचिव एन्टोनियो गुटेरेसले नेपालको हिमाल र हिमाली क्षेत्रमा परेको असरबारे राष्ट्र संघको आगामी बैठकमा छलफल गरी कार्बन उत्पन्न गर्ने धनी राष्ट्रहरूले क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने आवाज उठाउने प्रतिबद्धता व्यक्त गरेकाले कालापत्थरमा सम्पन्न हुने कार्यक्रम फलदायी हुने पोखरेलले बताए । -रासस

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## सर्वोच्चको फैसला स्वागतयोग्य

सर्वोच्च अदालतले योगराज भनिने रिगल ढकालको कैद मिनाहा गर्ने सरकारको निर्णय बदर गरेको छ । सर्वोच्चले रिगलको कैद सजाय कट्टा गर्ने सरकारको निर्णय नेपालको संविधानको धारा २१ ले प्रदान गरेको अपराध पीडितको हक र संविधानको धारा १२८ को उपधारा (४) को प्रतिकूल रहेको ठहर गर्दै कैद मिनाहा बदर गरेको हो । बाँकी सजाय भुक्तानका लागि सर्वोच्चले आदेश दिएलगत्तै रिगल बिहीबारै नेपालगञ्जबाट पक्राउ परेका छन् । सरकारले कानुनी राजको धज्जी उडाउँदै आफ्नै तजबिजमा आममाफी दिएको बेला सर्वोच्च अदालतको यो फैसला जनअपेक्षित मात्र हैन, अत्यन्तै स्वागतयोग्य रहेको छ । संविधान दिवसका अवसरमा गत असोज ३ मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट रिगलको कैद मिनाहा भएको थियो । रिगलले २०७२ असार २८ गते नेपालगञ्जका चेतन मानन्धरलाई खुँडाले हानी हत्या गरेबापत् तीनै तहको अदालतबाट सर्वस्वसहित जन्मकैदको सजाय पाएका थिए । खुँडाले मान्छे काट्ने जस्तो जघन्य अपराधमा सजाय पाएका व्यक्तिको ६० प्रतिशत कैद मिनाह गर्ने राष्ट्रपतिको कदमले संविधान र विधिको शासन माथि प्रश्न उठेका बेला सर्वोच्च अदालतले गरेको फैसलाको सर्वत्र प्रशंसा भएको छ ।

लोकतन्त्र र संविधानवादको धज्जी उडाउँदै अगाडि बढेको सरकारको कदमलाई सर्वोच्च अदालतले उल्टाएर ऐतिहासिक काम गर्नुलाई सकरात्मक रुपमा लिनुपर्छ । पछिल्लो समय न्यायालय माथि नै शंका उत्पन्न भइरहेका बेला सर्वोच्चको यस्तो निर्णयले भने केही आशा जगाएको छ । यसको आम नागरिक वर्गबाट मुक्तकण्ठले स्वागत भएको छ । सर्वोच्च अदालतको फैसलाले आगामी दिनमा कार्यपालिकाले मनमौजी रूपमा कैद छुट तथा माफी दिने विकृति धेरै हदसम्म नियन्त्रण हुने विश्वास गर्न सकिन्छ । अपराधमा दोषी ठहर भएकालाई कैद छुट तथा कैद माफी दिनुअघि सर्वोच्चले दुई प्रक्रिया पूरा गर्न परमादेश दिएको छ । पहिलो, पीडित पक्षको सहमति अनिवार्य र दोस्रो, कैदीको असल चालचलन भएको पुष्टि हुने आधार । अबका दिन सरकारले राष्ट्रपतिलाई कैद कट्टी तथा माफीका लागि सिफारिस गर्दा यो प्रक्रिया पूरा गर्नुपर्ने छ । सर्वोच्चले पीडितको सहमति लिएर मात्र यस्तो छुट लिन परमादेश दिएको विषय समेत अत्यन्त सकरात्मक छ । सर्वोच्च अदालतको फैसलाले संविधान र लोकतन्त्रको रक्षा त गरेको छ नै, यसबाट नेपालमा न्याय र कानुन सेटिङमा चल्दैनन् भन्ने दूरगामी सन्देश पनि दिएको छ ।

### Opinion @ Social Network

जिन्दगीमा सबैकुरा तपाईले सोचे जस्तो हुँदैन
तर त्यसो भन्दै गर्दा तपाईको बारेमा सोचिदिने, अरु पनि त छैनन्...
*(अर्जुन भुसालको फेसबुक स्टाटसबाट https://www.facebook.com/bhusalarjun12)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# विदेशीको स्वार्थ पूरा गर्न उद्दत नेतृत्व



पूर्ण ओली

नेपालको अवस्था यतिबेला सबैतिर डामाडोल छ । हत्या हिंसाबाट आएको माओबादी बिदेशीको हितमा काम गरे बापत अहिले सत्तासीन भएका प्रचण्डको सत्ता टिकिरहेको छ । सरकारको प्रमुख काम ठूला दलका मानिसलाई भ्रष्टचारबाट जोगाइदिने, देशमा धार्मिक बिभेद बढाएर समाजमा द्वन्द्व बढाउने, हत्या हिंसामा संलग्न भइ अदालतले आजीवन जेलमा हालेका माानिसलाई आममाफीको नाममा छोड्ने जस्तै भएको छ । अहिले बिरोधी दल एमालेको बिरुद्ध सबै एक भएर लागेका छन् । त्यसमा एमालेको गलत नीतिको कारण अहिले उसका कार्यकर्ता दुर्गा प्रसाईंसँग भिडिरहेका छन् । जसको कारण एमाले पार्टीको छबि खस्कँदै गइरहेको छ । अहिलेको सरकार खुलारुपमा भारत र अमेरिका मुखी भएको छ । त्यही भएर भारत र अमेरिकी इच्छा पूरा गर्न एमसीसी कार्यन्वयन गरियो । अब एसपीपी पनि पास गरिन्छ । भारतले खोजे अनुसार सबै नदी नाला उसको नियन्त्रणमा गइसके । अब सप्तकोशी उच्च बाँध निर्माण गर्ने सम्झौता गरिसकेपछि प्रचण्ड सरकार लाई हटाएर देउवा सरकार आउनेछ । यो पनि भारत र अमेरिकामुखी नै हुनेछ । त्यही भएर बीआरआईलाई कार्यन्वयन गरिने छैन । बीआरआईबाट अत्यन्त ठूला आयोजना नेपालले पाउन सक्थ्यो । कमसेकम चीनबाट रेल नेपालमा आउने संभावना थियो । यसबाट नेपालको आयत निर्यात चीनका बन्दरगाहमार्फत पनि हुन सक्थ्यो । यस बाहेक नेपालका हितमा ठूला र महत्वपूर्ण योजनाहरु नेपालले पाउन सक्थ्यो ।

चीनका बिगतका सहयोग प्राय निस्वार्थ किसिमका नेपालको हितमा देखिएका छन् । भविष्यमा पनि उसबाट नेपालले धोका पाउने संभावना कम नै देखिन्छ । तर भारतका सहयोग प्राय उसको लाभ र नेपालका हानि हुने मात्र देखिएका छन् । यसमा कोशी, गण्डकी तथा महाकाली सन्धिलाई लिन सकिन्छ । अब सप्तकोशी उच्च बाँध बनेमा यसबाट लाखौं एकड जमिन नेपालको डुवानमा पारेर भारतको करोडौं एकड जमिन सिंचाइ हुनेछ र बाढीबाट नियन्त्रण हुनेछ । भारतसँग हाम्रा धेरै ठाउँमा सीमा समस्याहरु छन् तर त्यसलाई समाधान गर्न भारतले कहिल्यै पनि सरोकार नै राख्दैन । यसमा प्रमुख कारण यदि कुनै बिषय नेपालका हितमा छ भने भारतले त्यसलाई वास्तै गर्दैन । हाम्रा नेता र कर्मचारी पनि राष्ट्रको हितमा भारतसँग डटेर आफ्ना कुरा राख्न सक्दैनन् । देशका युवाहरु शिक्षा र रोजगारीको लागि बिदेश जाने ताँती लागिरहँदा त्यसलाई रोक्ने गृहकार्य सरकारले प्रयास नै गरेको छैन । श्रम बेचन खाडी जाने युवाहरुबाट केही रेमिट्यान्स देशमा भित्रिए पनि देश बिकासमा चाहिने श्रमिकको अभाव नेपालले भोगिरहेको छ । अर्को महत्वपूर्ण पाटो अध्ययन

*भारतसँग हाम्रा धेरै ठाउँमा सीमा समस्याहरु छन् तर त्यसलाई समाधान गर्न भारतले कहिल्यै पनि सरोकार नै राख्दैन । यसमा प्रमुख कारण यदि कुनै बिषय नेपालका हितमा छ भने भारतले त्यसलाई वास्तै गर्दैन । हाम्रा नेता र कर्मचारी पनि राष्ट्रको हितमा भारतसँग डटेर आफ्ना कुरा राख्न सक्दैनन् । देशका युवाहरु शिक्षा र रोजगारीको लागि बिदेश जाने ताँती लागिरहँदा त्यसलाई रोक्ने गृहकार्य सरकारले प्रयास नै गरेको छैन । श्रम बेच्न खाडी जाने युवाहरुबाट केही रेमिट्यान्स देशमा भित्रिए पनि देश बिकासमा चाहिने श्रमिकको अभाव नेपालले भोगिरहेको छ । अर्को महत्वपूर्ण पाटो अध्ययन गर्नको नाममा बिदेश जाने बिद्यार्थीले अरबौंको बिदेशी रकम खर्च गरिरहेका छन् । यसलाई नियन्त्रण नगर्ने हो भने यो क्रम लामो समयसम्म चल्नेछ । यी शिक्षित समूह नेपाल फर्केर आउने छैनन् । यिनीहरुबाट देशले कुनै फाइदा लिन सक्ने छैन । यसको नियन्त्रणमा सरकारले शिक्षा नीतिमा सुधार गर्न अत्यन्त आबश्यक छ । नेपालमा भएका विश्व विद्यालयमा राजनीतिकरण पूरा बन्द गर्नै पर्छ । गुणस्तरीय शिक्षा नीति ल्याएर माथिल्लो तहका सबै पदहरुमा प्रतिस्पर्धाबाट मात्र नियुक्त गर्न आबश्यक छ ।*

गर्नको नाममा बिदेश जाने बिद्यार्थीले अरबौंको बिदेशी रकम खर्च गरिरहेका छन् । यसलाई नियन्त्रण नगर्ने हो भने यो क्रम लामो समयसम्म चल्नेछ । यी शिक्षित समूह नेपाल फर्केर आउने छैनन् । यिनीहरुबाट देशले कुनै फाइदा लिन सक्ने छैन । यसको नियन्त्रणमा सरकारले शिक्षा नीतिमा सुधार गर्न अत्यन्त आबश्यक छ । नेपालमा भएका विश्व विद्यालयमा राजनीतिकरण पूरा बन्द गर्नै पर्छ । गुणस्तरीय शिक्षा नीति ल्याएर माथिल्लो तहका सबै पदहरुमा प्रतिस्पर्धाबाट मात्र नियुक्त गर्न आबश्यक छ । अध्ययन गरिसकेपछि रोजगारको निश्चिन्त हुने अबसर मिलाउनु पर्छ । अध्यनका केही विषय सिप सिकाउने किसिमका हुनुपर्छ जुन दैनिक कार्यमा उपयोग हुन सकुन् । यतिमात्र गर्न सके विद्यार्थी पढ्नको लागि बिदेश जानेको संख्या कम हुँदै जानेछ ।

यस्तै गरेर स्वास्थ्यको लागि सबै प्रदेशमा एउटा मेडिकल कलेज अनिबार्य सरकारले संचालन गरोस् । यो बिषय बारम्बार सरकारमा बस्नेहरुले घोषणा गरेपनि कार्यन्वयन भएको छैन । प्रत्येक स्थानीयतहमा एउटा सरकारी अस्पताल बनाइयोस् । जसमा सबै किसिमका उपचार गर्ने इक्विपमेन्ट र प्राविधिकहरुको उपलब्धता होस । कृषकका उत्पादनको लागि सबै क्षेत्रमा पानीको अभाव नहुने गरी सिंचाई र पिउने पानी उपलब्धता होस् । बिदेशी तरकारीको आयत बन्द गरेर नेपाललाई खाद्यान्नमा आत्मनिर्भर मात्र गर्न सके नेपाली जनताले धेरै राहत पाउने छन् । तर सरकार जनहितमा भन्दा आफ्नो सत्ता जोगाउनमा मात्र लागेको छ । त्यो सत्ता पनि बिदेशीको भरमा मात्र जोगिँदैछ । किनकि बिदेशीको स्वार्थमा नेपालले कति कुराको त्याग गर्नु पर्ने हो हामीले बुझ्न सकेका छैनौं । बिदेशीको इच्छामा ल्याइएका धर्मनिरपेक्षता, गणतन्त्र, तथा संघीयताले आज देश कँगाल भइसकेको छ । सरकारको गलत र अस्थिर नीतिले भएका उद्योगहरु प्राय सबै बन्द भएर नया उद्योगहरु स्थापना हुन सकेका छैनन् । सरकारका प्रधानमन्त्री आफैं काठमाडौंमा ठूलो जुलुस निकाल्छु भन्छन् । के को लागि कसको लागि जुलुस ? जनता पूरा अनभिज्ञ छन् । देशमा धार्मिक र जातीयताको दंगा हुनेतर्फ समाज अगाडि बढ्दैछ । यस देशमा सबै जनता एक आपसमा मिलेर सद्भावपूर्ण किसिमले बसिरहेका थिए । तर भारत, अमेरिकाहरुले नेपालमा प्रत्यक्ष हस्तक्षेप गर्न नेपालमा अस्थिरता र गंजागोल चाहन्छन् । यसैबाट ती देशहरुले गरिब देश नेपालमा आफ्नो प्रभाव बढाएर उसले चाहे अनुसार चीन बिरुद्ध गतिबिधि बढाउन सजिलो हुन्छ । उता चीनले नेपाललाई तिमीहरुको बिकासको मोडेल कस्तो हो ? हामी कसरी सहयोग गर्न सक्छौं ? भनेर सोधिरहन्छ । चीन र नेपाल बीचको ट्रान्स हिमालयन रेल्वे लाइन बनाउन प्रयास गरिरहँदा नेपाल सरकार निकम्मा बनेर अमेरिका भारतलाई खुसी पार्न खोजेको देखिन्छ । त्यही भएर बीआरआई सम्झौता गरेर पनि अहिलेसम्म कार्यन्वयन गरिएको छैन । यसको प्रमुख कारणमा प्रचण्ड जस्तो बिदेशीको कठपुतली जस्तो सरकार र शेरबहादुर जस्तो पश्चिमाको दास जस्तो काँग्रेसको सभापति भएर पनि हो । देशका असल र इमान्दार नेता अहिले सबै पन्छाइएका छन् । शिर्फ बिदेशी स्वार्थमा चल्ने दलाल प्रवृत्तिका अबसरबादी नेताले देश चलाएका छन् । जसलाई भ्रष्ट र अवसरबादी दलका भातृ संगठनका कर्मचारी र तस्कर तथा दलाल ब्यापारीको साथ छ । *-डिसी नेपाल डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००,
५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : शुभ यात्राको योग छ । सद्विचारले अभिप्रेरित हुनेहरूलाई लाभ हुनेछ । | **तुला** : आज नयाँ कमको थालनी हुनेछ । अचल सम्पत्ति पनि हात पर्ला । |
| **वृष** : व्यावसायिक जीवनमा सुधार आउनेछ । कार्यबाट सफलता मिल्नेछ । | **वृश्चिक** : गरेको काममा सफलता हात पर्ने सम्भावना छ । |
| **मिथुन** : आज नयाँ सवारी साधन प्राप्तिको योग छ । छोटो यात्रा पनि हुनेछ । | **धनु** : राजनैतिक कार्यमा सफलता मिल्नेछ । मनमा शान्ति छाउने छ । |
| **कर्कट** : प्रेम र मित्रताको बन्धन कसिने बेला छ । मनमा उमङ्गको सिर्जना हुनेछ । | **मकर** : आज अँटिका कार्य पुरा होला । शुभकार्यको चर्चा पनि चल्नेछ । |
| **सिंह** : आज प्रेम सम्बन्ध कसिलो होला । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । | **कुम्भ** : काममा सफलता मिल्नेछ । दाम्पत्य सुखले प्रसन्न पनि भइनेछ । |
| **कन्या** : वैदेशिक कार्य अघि बढ्नेछ । आफन्त सँग भेटघाट पनि रहला । | **मीन** : ठीक समयमा सही निर्णय लिन सकिनेछ । बोलीको प्रभाव पनि बढ्नेछ । |

# साहित्य दर्पण

कथा — विमल लामिछाने

## मृत्यु र जीवनको दोसाँधमा

एलिना १७ वर्षकी थिइन् । त्यतिवेला उनी पहाडी दुर्गम गाउँको स्कुलमा कक्षा दशमा पढ्दै थिइन् । गाउँले जीवनको सामान्य परिवारमा हुर्केकी उनी इमान्दार र सोझोपनकी केटीमा चिनिन्थिन् । दिदी दाजुहरुको मायामा हुर्केकी भएपनि दिदीहरुले घरजम गरेपछि र दाजुहरुले परदेशको बाटो लिएपछि डाँडामाथिका घाम जस्तो भएका बुढ्यौली आमा-बुबा सम्हाल्ने, घर ब्यावहार मिलाउने र खेती लगाउने जिम्मा उनकै काँधमा आएछ । अर्मपर्म र सरसापटकै भरमा भएपनि उनले आफ्नो जिम्मेवारीलाई सम्हाल्दै क्याम्पस लेभल सम्मको अध्यायन गर्न भ्याइन् । घरको दुखेसो सम्हाल्दै क्याम्पस अध्ययन गरेको २ वर्ष वितिसकेको के थियो छरछिमेकमा एलिनाको विवाहको चर्चा चल्न थालेको छ । घरले जा-जा र बनले आइज-आइज भन्ने बेलामा कतै राम्रो कुटुम्ब भेटिए लगनगाँठो कसिदिन पाए कर्म सकिने थियो भन्नेमा छन् उनका बुवा-आमा । धेरैतिरवाट विवाहको प्रश्ताव आउन थालेपछि उनकाबे मनपनि दोधारे बन्न थालेको रहेछ ।

छटपटि बढेको छ, निध हराएको रहेछ उनको । दिनभरीको कामको थकानलाई शिरानी लगाउँदै परालको गुन्द्रीमा यताउता मडारिन्छिन्, कोल्टे फेर्छिन र सोच्छिन् राम्रो घरानको केटा पाए त ठीकै हो, तर भनेजस्तो कहाँ मिल्ला र ? फेरि आमा बुबाको रेखदेख गर्ने पनि त कोहि हुन्न । कयौ रात मन डुलाउँदै पिरोलिन्छिन उनी । यसरी नै दिनहरु बित्दै गए । उनका बुवा आमाको पनि खटपट बढेको छ उसैगरी । हुर्केकी छोरीको हात कुटुम्बको हातमा सुम्पिदिन पाएदेखि मरिगइयो भनेपनि आत्माले शान्ति पाउने थियो, नत्र 'बुढाबुढीको खटपटि बढेको र नीध हराएको राम्ररी बुझ्ने गरेकी छन् उनले । समय सन्दर्भमा धेरै केटाले ताकेका पनि छन् । कुरा चलाउने र प्रश्ताव राख्नेहरु लाई निर्णय दिन भने सकेकी छैनन् ।' एलिना दिदी 'एलिना दिदी' छिमेकीको घरमा फोन आएपछि गाउँका साना नानीहरु एकै स्वरमा कराउँदै एलेनालाई शहरबाट फोन आएको खबर दिन पुग्छन् । एलिना किचनमा ब्यस्त छिन् । झमक्क साँझ परिसकेको छ । गाउँका केटाकेटीले एकै स्वरमा खवर पुर्‍याउछन्-एलिना दिदी शहरबाट तपाईंको फोन आ छ छिमेकमा झट्ट जानु रे । एलिना हँ कहाँबाट कसको फोन ? कुद्दै एलिना फोनतर्फ जान्छिन्, छिमेकी दाइले होल्डमा राखिदिएको फोन रिसिभ गर्छिन् । केहिबेर फोनमा कुरा गरिसकेपछि उनी दगुर्दै फर्किन्छिन् र आमालाई सुनाउँछिन्- 'शहरबाट भाउजुले फोन गर्नु भएको थियो, मलाई हेर्न केटाको प्रश्ताव आएको थियो रे, भाउजुसँग कुरा गरेछ, मलाई शहराँ झिकाइएको छ, तर आमा मलाई पटक्कै जान मन छैन' । एलिनाले आमासँग बेलिविस्तार लगाईन् । बेलुका खानपीन सकेपछि एलिनाका बा-आमाले सल्लाह गरे । लामो परामर्शपछि एलिनालाई एकपटक शहरकी भाउजुको घर पठाउने निधो भयो । एलिनाका घरबाट शहरकी भाउजुका घरसम्म पुग्न गाडीमा करिब २ दिनको यात्रा गर्नुपर्छ । शहरजाने चाँजोपाँजो मिलाउँदा केहिदिन ढिलो भयो । उताबाट तारन्तर भाउजुको फोन आईरहेको छ । छिमेकीसँग



सरसापटल गरेर खर्च जुटाएर एलिना शहरतिर लागिन् । ३/४ पटक गाडी परिर्वतन गर्दामात्र उनी गन्तब्यमा पुग्थिन, गाउँले सोझी केटि भनेर उनको लवाज र बोलीचालीबाटै स्पष्ट खुल्थ्यो । सोझोपनको फाइदा उठाउँदै शहरका ठिटाहरुले एलिनालाई पछ्याईरहेका थिए । हलक्क बढेकी पहाडे केटी हेर्दै गालाबाट रगत चुहेला जस्ती झरझर देखेपछि केटाहरुको मन कागतीको रस देख्दाको जिब्रो जस्तै । तर विचरा ! सोझी एलिनालाई त्यो पत्तै भएन । उनले केटाहरुको नियतलाई बुझ्नै सकिनन् । एलिनालाई कहिले सुन्तला दिन्थे त कहिले बदाम, चना आदी दिएर नजिकको आफन्त झै गर्दै गए गाडीको यात्रामा ।

रात परिसकेको थियो । गाडी शहर प्रवेश गर्दै थियो तर एलिनाकी भाउजुको घर शहरको गाडी स्टेण्डबाट झण्डै २ कोष पर थियो । गाडी अन्तिम स्टेण्डमा पुगेर रोकियो । सबै यात्रुहरु उत्रिए, एलिनापनि उत्रिइन् । गन्तव्यसम्म पुग्नकोलागि एलिनाले रिक्सा प्रयोग गर्ने सोच बनाइन् । उनै शहरी केटाहरुले रिक्सा चढ्न सहयोग गरे झै गरे र एलिनाको अघि र पछि बसे, एलिनालाई चलाउन र धकेल्न थाले, तवमात्र बुझिन एलिनाले उनीहरुको नियत ! उनको जीउ काम्यो डर लागेर आयो । शहरको लोडसेडिङको बेला थियो, एकान्त अध्यारो ठाउँमा पुगेपछि रिक्सा रोक्न लगाए । रिक्सावाललाई केटाले हकारे उसको केहि लागेन, उसले सबैलाई त्यहिँ छोडिदियो र रिक्सा फर्कायो । केटाहरु चारजना थिए उनीहरुले एलिनालाई जबरजस्ति गर्न खोजे घम्साघम्सी पर्‍यो, एलिनाले कडा प्रतिरोध गरिन, चिच्याइन, कराइन्, गुहारिन्, केहि समयमा अर्को रिक्सा त्यही बाटो भएर आउँदै थियो, त्यसमा तीनओटी केटिहरु रहेछन् । एलिनाको गुहार सुनेर केटिहरु आर्लिए, उनीहरलाई देखेपछि केटाहरु भागे । उनीहरुकै सहयोगमा एलिना शहरीया भाउजुको घर पुगिन् ।

भाउजुलाई सबै बेली विस्तार सुनाइन् तर भाउजुले समयमा हिड्नपर्छ नि भनेर उल्टै गालि गर्न थालेपछि एलिनाको मन कुडिया । एलिनालााई लागेको थियो भाउजुको सहाराले ति केटाहरुलाई केहि खोज तलास होला र कार्वाही प्रक्रियामा जालान्, तर भाउजुले यसलाई सामान्य रुपमा लिईन्, सुनेको नसुनेई भईन् । उनलाई लाग्यो मानौ शहरको यो परिचय रहेछ । एलिनाको मन दुखेको थियो । फ्रेस हुन पाएकै थिइनन् भाउजुको सम्पर्कबाट भोलीपल्टै एलिनालाई हेर्ने केटा आयो । मन कुडिएको वेला आफूलााई हेर्न आएको केटासँग दोहोरो संवाद गर्न नै सकिनन्, मात्र मुण्टो हल्लाईन् । मानौ सांकेतिक कुराकानी हुँदैछ । उनले सोच्ने र निर्णय गर्ने मौका पाएकै थिईनन् । उनलाई हेर्न आएको केटाले भाउजुसँगै एलिनालाई मन पराएको कुरा गरेपछि विवाहको कुरा सकेर फर्किएछ । एक हप्तापछि घुरनसँग एलिनाको विवाह हुने निश्चित भएछ । एलिनाका आँखा रसाइरहेका थिए । मन रोइरहेको थियो, त्यही बिचमा एलिनाको विवाह सम्पन्न भयो । एकसरो सामान जुटाएरै सामान्य तवरले विधिपूर्वक नै एलिनाको विवाह सम्पन्न भयो दुलाहाले बेहुली भित्राए । वेहुली भित्रियाएपछि दाइजोको विषयमा ठूलै खैलाबैला मच्चियो, वेहुलाकी आमाले दाइजो नपाएको झोंक देखाइन् । मनमा आएसम्म गाली गरे आफन्तसमेत मिलेर । वेहुलालाई पनि अप्ठ्यारो महसुस भयो । नन्द र आमाजुपनि धुरिए, धेरै सम्पत्तिको अपेक्षा गरेका रहेछन भन्ने प्रश्तुती छरपस्ट बनाए । गाली बेइजतिका सब्द प्रयोग गरेर पालोपालो बर्बराउन थाले । दाइजो नपाएकै कारण एलिना वेहुली भएकै दिन परिवारमा छि-छि र दुर-दुरको पात्र बनिन् । बेहुलाले परिवारलाई बुझाउन प्रयत्न गरे तर उनको केही जोर चलेन । दिदी-बहिनी र आमाले उनलाई भोकाएको बाजले चल्लो छोपे झै गर्दारहेछन् । एलिनालाई साथसहयोग मिल्नुको सट्टा उल्टै चोट थपियो ।

घुरनपनि पारिवारिक तनावमा परे । मन बहलाउन घुरन साथीहरुका तिर समय बिताउँदथे । प्रायजसो खाना खान आउने समयमा घुरनका घरमा रडाको मच्चिने गर्थ्यो, घटनाहरु दोहोरिन्थे । भित्रभित्रै घुरन कुडिइरहेका रहेछन्, विवाहको तेस्रो रात अवेरसम्म घुरन घर नआएपछि एलिनाले फोन गरिन् । पटक-पटक फोन काटिएपछि एलिना थप आशंकित भइन् । एलिनालाई झन खटपट बढ्यो । उनले घुरनकी ममीलाई सोधिन् किन अहिलेसम्म घुरन घरमा आएनन् ? सासुले मनिन् भरे आउछ होला 'तन्नमकी छोरी तन्किँदै गर न' केहि समयपछि घुरनकी ममीलाई घुरनका साथीको फोन आयो सबै हस्याङ र फस्याङ गर्दै आत्तिए झै गरे । घुरनले विष खाएको रहेछ' । रुवाबासी चल्यो । घुरनलाई अस्पतालमा भेटिन एलिनाले । घुरनलाई हेर्नेहरुको भीड लागेको थियो । कुरा काट्नेहरु आ-आफ्ना भाषामा ब्याख्या गरिरहेका थिए । घुरन बिरामी बेडमा बेहोस थिए । एलिना घुरनलाई रगत दिन्छिन्, सुन्य समयमा भगवानसँग घुरनको जीवन रक्षाको प्राथना गर्दै तप तप खसेका आँशुका थोपाभित्र भविश्यको जीवन खोज्दै घुरनलाई बोलाइरहेकी थिईन् अचेत अनुहार सुम्सुम्याईरहेकी थिइन् । घुरन मृत्यु र जीवनको दोसाँधमा छटपटाईरहेका थिए ।

*-समकालीन साहित्य डटकम*

हाँस्यव्यङ्ग्य — उमेश रेग्मी

## हाकिमनी साहेब



*एकातिर सम्भावित समस्याहरू छन् त अर्को तिर खुसीको बहार छ । धन्य होस् मेरो बढुवा ! साथीभाइहरू 'पार्टी कहिले' भनी ताना मार्छन्, छोराछोरी घुम्न जाऔँ भन्छन्, श्रीमतीलाई सुनको हार चाहिएको छ, सालोलाई आफैँमुन्तिर भए पनि एउटा जागिर चाहिएको छ, जेठानलाई ठेक्का मिलाइदिने सिफारिस चाहिएको छ । अब के-के मात्र गरूँ अनि के-के मात्र नगरूँ ? बढुवाले खुसीभन्दा बढी विपत्ति पो ल्याउन लाग्यो भन्दै खुसी मनाउन लेराएको लालमोहन खाँदा पनि तितोझैँ भान हुन थालिसकेको छ मलाई । आफ्नो तितोपनालाई अझ तितो बनाउन बाउआमा दुवै थप्छन्, हामी त अब हाकिमको बाउआमा, हाम्रो पनि त केही बढोत्तरी हुनुपरह्यो नि बाबु । कति यो चिसो छिडीमा बस्नु ? माथिको घाम लाग्ने कोठामा सारिदेऊ न । यो कोठामा बस्दा-बस्दा चिसो लागेर बाथले समात्लाजस्तो भइसक्यो । 'बाउआमालाई छिँडीको कोठामा सार्ने फैसला हाकिमनीकै हो, कसरी बिथोल्न सक्थे र ।*

श्रीमतीले हाकिमनी पद सम्हालेदेखि नै एकपछि अर्को गर्दै आइरहेका आवश्यकता, चाहना, अनि मागरूपी क्षेप्यास्त्रहरूले घाइते बनिसकेको म बढुवासढुवा रोकेर पुरानै पदमा फर्किऊँ कि भनिसोच्न थालेको छु । मेरो बढुवा भएदेखि नै श्रीमती हाकिमनी भएकी छे । जहाँ जाँदा पनि अनि जे गर्दा पनि उसको फरह्याकफुरुक हेर्न लायक भएको छ । 'हाकिमनी पो हो मत, पहिलेजस्तै झार्लाङ्गे तालले कहाँ हिँड्नुभयो त !', उसको आफ्नै बयान हुन्छ हरेक क्रियाकलापमा । आइबक्स्योस् र खाइबक्स्योस् भन्दै आफ्नो बोलाइलाई पनि सुधार गरेकी छिन् उनले । त्यो मात्रै कहाँ हो र छोराछोरीको लगाइ, खुवाइ र बोलाइमा पनि उनको नियन्त्रण चल्न थालेको छ । छरछिमेकमा आफूभन्दा तल्लो ओहदाकाहरूसँगको व्यवहारमा परिवर्तन आएजस्तै उनिहरूसँग उनको बोल्ने शैली पहिलेजस्तो छैन । मेरो बढुवाले उनमा लेराएको यस्तो विकास देख्दा म पनि दङ्ग परेको छु । उसका साथीहरू भन्छन्, 'अब त तिमी हाकिमनी भयौ, अलि ठाँट देखाएर हिँड्नुपर्छ ।' माइती खलक पनि थप्छन्, 'छोरा छोरीलाई निकाल अब त्यो सरकारी स्कुलबाट । तिमी हाकिमनी भइसक्यौ, अब त बोर्डिङ स्कुलमा भर्ना गर्नुपर्छ ।' श्रीमती सबैको कुरामा 'हो' मा 'हो' मिलाउँछे । मेरो बढुवाले लेराएको उसको खुसीको मूल्याङ्कन गर्ने कुनै तरिका नै छैन । उनि खुसी छिन् । अनि उनको खुसीमा आफ्नो खल्ती रित्तिने, टाउको दुख्ने लगायतका बिमारीहरूको लर्को लाग्न थालेको देख्दा अत्तालिन पुग्छु म । एकातिर सम्भावित समस्याहरू छन् त अर्को तिर खुसीको बहार छ । धन्य होस् मेरो बढुवा ! साथीभाइहरू 'पार्टी कहिले' भनी ताना मार्छन्, छोराछोरी घुम्न जाऔँ भन्छन्, श्रीमतीलाई सुनको हार चाहिएको छ, सालोलाई आफैँमुन्तिर भए पनि एउटा जागिर चाहिएको छ, जेठानलाई ठेक्का मिलाइदिने सिफारिस चाहिएको छ । अब के-के मात्र गरूँ अनि के-के मात्र नगरूँ ? बढुवाले खुसीभन्दा बढी विपत्ति पो ल्याउन लाग्यो भन्दै खुसी मनाउन लेराएको लालमोहन खाँदा पनि तितोझैँ भान हुन थालिसकेको छ मलाई । आफ्नो तितोपनालाई अझ तितो बनाउन बाउआमा दुवै थप्छन्, हामी त अब हाकिमको बाउआमा, हाम्रो पनि त केही बढोत्तरी हुनुपरह्यो नि बाबु । कति यो चिसो छिडीमा बस्नु ? माथिको घाम लाग्ने कोठामा सारिदेऊ न । यो कोठामा बस्दा-बस्दा चिसो लागेर बाथले समात्लाजस्तो भइसक्यो । 'बाउआमालाई छिँडीको कोठामा सार्ने फैसला हाकिमनीकै हो, कसरी बिथोल्न सक्थे र । यतिखेर उहाँहरूले मागेको बढोत्तरीको चाहना पनि हाकिमनीको हुकुमविना सम्भव हुँदैन भन्ने यकिन भएकाले आफ्ना बाउआमालाई सान्त्वना बाहेक अरू केही दिन सकिरहेको छैन मैले । हाकिमको बाउआमा छिडीमा बस्दा आफ्नै इज्जत जाला भन्ने डर देखाउँछन् दुवै, म चाहिँ नसुनेझैँ बहाना बनाउँछु प्राय: ।

इष्टमित्रहरू मेरो बढुवामा खुसीभन्दा बढी ईर्ष्या व्यक्त गर्छन् आफ्नो हरेक शब्द अनि व्यवहारमा । बिहे गरेर गइसकेका दिदीबहिनीहरू माइती आउँदा कोसेली बढ्नुपर्ने माग गर्छन् भने ज्वाइँ, भिनाजुहरू सिफारिसको आशामा आफ्नो पनि बढोत्तरीको सपना देख्न थालेका छन् । मेरो एक बढुवाले सबैतिर गजबको जादु चलाएको छ । अचम्म ! उता ससुरालीतिरको कुरा त्यति नै रसिलो छ । सासूससुराको नाक घिरौँलाभन्दा पनि ठुलो भएको छ मेरो बढुवाले । उनीहरूको धाक छिमेकीहरूलाई पचाउनै गाह्रो भइसक्यो । सासुको मुखबाट तारन्तार निस्कने 'मेरो हाकिमनी छोरी' सुन्दा यस्तो लाग्छ मानौँ उनको बाहेक अरूको छोरी हाकिमनी नै भएका छैनन् । ससुरा फोन गर्छन् मलाई, 'हाकिम साब, हाम्रो घरको पछाडी बग्ने नाली अलि गन्हाउन थाल्यो । यसो हजुरले भनिदिएदेखि नगरपालिकाले सर सफाइ गरिदिन्थ्यो कि ! फोहोर बग्ने नालीको जग्गा मिचेर घर बनाउनु छ, अनि अहिले आएर गन्हायो भन्दै मेरो ओहदाको फाइदा लिन खोज्ने बुढा भन्दै म भित्रभित्रै आफैँसँग कुरा गर्न थाल्छु ।

फोहोर बग्ने नाली सफा गर्न मेरो बढुवा भएको जस्तो, जान्नु तान्नु केही छैन जे मुखमा आयो त्यही बोलिदिने मेरा ससुरा जस्ताहरूको के कुरा गर्नु ! आफ्नै अफिसको माहोल बेग्लै छ । पियन, खरदार, सुब्बा देखि कम्प्युटर चलाउने ठिटीहरू सबैलाई पार्टी चाहिएको छ । कसलाई रिझाउनु अनि कसलाई रिसाउन छोडिदिनु ? आफूभन्दा माथिका हाकिमहरूको त अझ कुरै अलग छ । उनीहरू राजधानीको पाँचतारे होटलमा कक्टेलको आयोजना गर्नुपर्ने कुरा गर्छन् । आफ्नो श्रीमतीको फर्माइसदेखि लिएर सम्पूर्णको इच्छा पुरा गर्नलाई त घरै बेचे पनि नपुग्ने हो कि भनेको जस्तो भइसक्यो । श्रीमतीले हाकिमनी पद सम्हालेदेखि नै एकपछि अर्को गर्दै आइरहेका आवश्यकता, चाहना, अनि मागरूपी क्षेप्यास्त्रहरूले घाइते बनिसकेको म बढुवासढुवा रोकेर पुरानै पदमा फर्किऊँ कि भनिसोच्न थालेको छु । मेरो यो सोचले टाउकोदेखि खुट्टासम्म नजानिँदो पाराले ज्वरो निकालिसकेको पत्तो पाउन सकिरहेको थिइन मैले तर उता हाकिमनीले थाहा पाइछन्, परयो बित्यास ! 'किन ज्वरो आयो, कसरी आयो ?' आदि प्रश्नहरूलाई के भनि जवाफ दिऊँ अब ।कति वेलासम्म जवाफ नदिई बस्न सक्थेँ र फेरि । बाघको अगाडि परेको निरीह बाख्रोजस्तो, हाकिमनीको सामु सत्य सबै ओकलिहाल्न पुगेछु, चाहेर भनूँ वा नचाहेर भनूँ । त्यसपछिको माहोल को के कुरा गर्नु । झन्डै भूलोक छोड्नुपरेको थियो मैले । उनको हाकिमनी पद खोस्न लागेको कसुरमा अब कति रात जाग्रामै बस्नुपर्ने हो अनि कति दिन भान्छा छिर्न नपाइने हो आफूलाई नै थाहा छैन । पछि मनमनै निर्णय गरेँ, आफूलाई बेच्न परे पनि बेच्दा हुन्छ तर उनको पद खोस्न पाइन्न । सबै माग पूरा गर्नैपर्छ । बढुवा स्विकार्नैपर्छ । उनीलाई हाकिमनी बनाइनै राख्नुपर्छ । जय हाकिमनी साहेब ! जय होस् हजुरको !

*-साहित्य पोष्ट डटकम*

